# प्रेश-विज्ञप्ती

## नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेडको शेयर नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा सूचीकरण

नेपाल स्टक एक्सचेञ्ज लिमिटेड र नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेड बीच प्रति शेयर अंकित तथा चुक्ता मुल्य रु. १०० कायम भएको २०,००,००,००० कित्ता शेयर सूचिकरण गर्ने सम्झौता मिति २०७७/१०/२९ का दिन सम्पन्न भयो । नेपाल इन्फ्रास्ट्रक्चर बैंकले धितोपत्र निष्काशन तथा विक्री प्रबन्धक एनआईबिएल एस क्यापिटल लिमिटेड मार्फत ८,००,००,००० कित्ता शेयर सर्वसाधारण, कर्मचारीहरु र सामुहिक लगानी कोषका लागि विक्री खुल्ला आब्हान गरेको र बैंकका संस्थापकहरुले लगानी गरेको १२,००,००,००० कित्ता शेयर समेत गरी जम्मा २०,००,००,००० कित्ता शेयर वितरण भई नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा सूचीकरण भएको छ ।

शेयर सूचीकरण सम्झौता पत्रमा नेपाल स्टक एक्सचेञ्जको तर्फबाट प्रमुख कार्यकारी अधिकृत श्री चन्द्र सिंह साउदले र नेपाल इन्फ्रास्ट्रक्चर बैंकको तर्फबाट प्रमुख कार्यकारी अधिकृत श्री रामकृष्ण खतिवडाले हस्ताक्षर गर्नुभयो ।



नेपाल स्टक एक्सचेञ्ज र नेपाल इन्फ्रास्ट्रक्चर बैंक बीच सम्झौता भएको दोस्रो दिनबाट नेपाल स्टक एक्सचेञ्जमा बैंकको धितोपत्र "NIFRA" को Code बाट दोस्रो बजारमा कारोबार शुरु हुनेछ । बैंकले शेयर सूचीकरण पश्चात दिनुपर्ने शेयर रजिष्ट्रार (RTS) सेवाको लागि ग्लोबल आइएमई क्यापिटल लिमिटेड, नक्साल, काठमाडौंलाई नियुक्त गरीसकेको छ ।